प्रदेश सरकार
लुम्बिनी प्रदेश
# स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
(प्रशासन तथा योजना महाशाखा)
मुकामः बुटवल, नेपाल

पत्र संख्याः २०७७/०७८

चलानी नं.: ४४१

मितिः २०७८/०३/१९

श्री जिल्ला प्रशासन कार्यालय सबै, लुम्विनी प्रदेश।
श्री स्वास्थ्य कार्यालय सबै, लुम्विनी प्रदेश।
श्री स्थानीय तह सबै, लुम्विनी प्रदेश।

प्रदेश सरकार लुम्बिनी प्रदेश स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय मुकाम बुटवल, नेपाल

विषयः राहत रकम उपलव्ध गराउने सम्बन्धमा।

प्रस्तुत विषयमा कोभिड-१९ संक्रमणका कारण मृत्यु भएका मृतकका परिवारलाई प्रति मृतक रु एक लाखका दरले राहत उपलव्ध गराउने भनि प्रदेश सरकार लुम्विनी प्रदेश मन्त्रिपरिषदबाट मिति २०७७/०२/२० मा निर्णय भए बमोजिम यस मन्त्रालयको मिति २०७७/०९/१९ को पत्रबाट परिपत्र भईसकेकोमा सो सम्बन्धमा थप खुलाई पठाईएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

तपसिलः-

१. मृत्यु भएका मृतकको परिवारले सम्बन्धित स्थानीय तहमा मृत्यु दर्ता गराई सम्बन्धित पालिकाको स्वास्थ्य महाशाखा/शाखा वा कोभिड फोकल पर्सनलाई सो व्यहोराको जानकारी गराई मृतकको विवरण अद्यावधिक गर्नुपर्ने।

२. स्थानीय तहले बुँदा नं. १ बमोजिमको अद्यावधिक रेकर्ड तयार पारी सम्बन्धित जिल्लाको स्वास्थ्य कार्यालय र जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (जिल्ला प्रशासन कार्यालय)मा पठाउनु पर्ने।

३. कोभिड-१९ संक्रमणको पुष्टि भएको प्रयोगशालाको पिसिआर रिपोर्ट, कोभिड-१९ का कारण मृत्यु भएको भनि चिकित्सक वा स्वास्थ्यकर्मीबाट भएको सिफारिस (होम आईसोलेसनमा रही मृत्यु भएकाको हकमा सम्बन्धित स्थानीय तहको सिफारिस), मृत्यु दर्ता प्रमाण पत्र सहितका कागजातहरु संलग्न गरी मृतकको परिवारले जिल्ला प्रशासन कार्यालयमा निवेदन पेश गर्नुपर्ने।

४. आफ्नो जिल्ला भित्रका स्थानीय तहबाट प्राप्त बुँदा नं. २ बमोजिमको रेकर्ड एकमुष्ठ रुपमा तयार गरी स्वास्थ्य कार्यालयहरुले जिल्ला प्रशासन कार्यालय (DCCMC) मार्फत स्वास्थ्य निर्देशनालयमा पठाउनु पर्ने।

५. स्वास्थ्य निर्देशनालयले मातहतका स्वास्थ्य कार्यालयहरुबाट (DCCMC) मार्फत प्राप्त रेकर्ड एकमुष्टरुपमा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय लुम्विनी प्रदेश बुटवलमा पठाउने व्यस्था मिलाउने।

६. यसरी प्राप्त रेकर्ड अनुसार मृतकको नजिकको नातेदारलाई रकम उपलव्ध गराउने प्रयोजनार्थ मृतकको संख्याको आधारमा प्रदेश सरकारले कोभिड कोषबाट एकमुष्ठ रुपमा राहत रकम सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा उपलव्ध गराउनेछ।

७. कोभिड-१९ संक्रमणको भएको भनि पुष्टी हुने प्रयोगशालाको पिसिआर रिपोर्ट, कोभिड-१९ का कारण मृत्यु भएको भनि चिकित्सक वा स्वास्थ्यकर्मीबाट भएको सिफारिस (होम आईसोलेसनमा रहि मृत्यु भएकाको हकमा सम्बन्धित स्थानीय तहको सिफारिस), मृत्यु दर्ता प्रमाण पत्र सहितका कागजातहरुको आधारमा जिल्ला प्रशासन कार्यालयले मृतकको नजिकको हकदारलाई प्रति मृतक एक लाखका दरले रकम उपलव्ध गराउने व्यवस्था मिलाउने।

(सञ्जय ज्ञवाली)
शाखा अधिकृत